# अर्थ (मालपोत) मन्त्रालयको विज्ञप्ति

यो साल सुखा भर्ना परेको उजुर भाई जाँच गर्ने आदेश भै गएकोमा सप्तरी, महोत्तरी, सर्लाही, गोस्वाराबाट जाँच भै आएको भर्नाको बेरीज फाँट-वारी र स्थानीय माल बडाहाकिमको रायसमेत पेश हुँदा जाँच भएको रीतपूर्व-कको कारामसहित नभाए पनि माल गोस्वाराबाट जाँची भर्ना परेको भनी स्थानीय बडाहाकिम समेतले लेखेको हुँदा मंसब हुदा ठेकामा लागेको र बिट लग्नाको र अमानतबाहेक अरुनि सवाबिदाखिल गरी शेष कसर माफ पाउने सनद् भै आई आएको गुठीको र खडा दाबी जवाफ उठ्न नसकेको लग्नाको समेत भर्ना मिनाहा नपाउने बाहेक सो जाँचमा आठ आना साम्म भर्ना परेको भनी लेखेकोलाई र जाँचै नगराए नभएकोलाई मिन्हा हुन सक्दैन आठआना देखि माथि बारआनासम्म भर्ना परेकोलाई चार आना र बारआनादेखि माथि पन्ध्र आना सुनिलाई १ आना दरले, पन्ध्र आना र त्यसभन्दा बढी भर्नालाई दशआनाका दरले पोतमा मिनाहा दिने गरी निर्णय भएको हुँदा यो विज्ञप्ति जारी गरिएको छ। सरोकारवाला अड्डाहरुले पनि लेखेबमोजिम छ गराउनुहोला।

आज्ञाले—

श्रीराम,

सेक्रेटरी–अर्थ (मालपोत) मन्त्रालय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।